# काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड

.................................

## नयाँ धारा जडानको निमित्त दरखास्त

फोटो

तल लेखिएको आवश्यकता पुरा गर्न निमित्त मलाई/हामीलाई निम्न लेखिएको ठेगानामा........................................................................ धारा जडान गरी दिन निवेदन गर्दछु/छौं। मैले/हामीले कम्पनीको प्रचलित नियम र शर्तहरु पढेको छु। सो बमोजिम पालन गर्न मञ्जुर गर्दछु/गर्दछौं।

| | |
|---|---|
| दरखास्तवालाको नाम: | नागरिकता नं.: |
| ठेगाना: | जग्गा धनी प्रमाण पूर्जा नं.: |
| बाबुको नाम: | जग्गाको क्षेत्रफल: घरको क्षेत्रफल: |
| बाजेको नाम: | नक्सा पाना नं. र मिति: |

## चार किल्लाको विवरण

| | |
|---|---|
| पूर्व: | उत्तर: |
| पश्चिम | दक्षिण: |

**धारा जडान गर्ने ठाउँको पूरा ठेगाना**

| | | |
|---|---|---|
| महानगरपालिका: काठमाडौं | वार्ड नं.: | सडक/मार्गको नाम: |
| टोलको नाम: | सम्पर्क फोन नं.: | मोबाइल नं.: |

पानी आवश्यकताको कारण:

| | | |
|---|---|---|
| पानी उपभोग गर्नेको संख्या: | पानी दैनिक माग: | लिटर: |
| उक्त ठाउँमा पहिले जडान भै रहेको भए | सन्धियार वा घर नजिकको धाराको | |
| नाम: | नाम: | घर नं.: |
| ग्राहक संख्या: | ग्राहक संख्या: | |
| एरिया नं.: | एरिया नं.: | |
| घरको उचाई (जमिनदेखि) | मिटर | |

अन्य विवरण:

| | | |
|---|---|---|
| ................ | .......... | ............................ |
| स्वीकृत गर्ने | पेश गर्ने | दरखास्तवालाको सही |
| मिति: | मिति: | मिति: |

# शर्तहरु

(१) कम्पनीको प्रचलित नियम बमोजिम पानी वितरण गरिनेछ ।

(२) कम्पनीले लगातार पानी दिने प्रयास गर्नेछ । तर कुनै किसिमको गडबडी वा बाधा उपस्थितभै पानी दिन नसकिएबाट कुनै किसिमको हानी नोक्सानी हुन गएमा सो को लागि कम्पनी जिम्मेवारी हुने छैन ।

(३) कम्पनीको प्रचलित नियम तथा सम्बन्धित ऐनमा व्यवस्था भए बमोजिम तोकिएको स्थान र समयमा पानी महशुल, ढल महशुल र अन्य शुल्कहरु बुझाउनु पर्नेछ ।

(४) यो दरखास्त स्वीकृत भएपछि कम्पनीले धारा जडान गर्न लाग्ने खर्च र निजले व्यहोर्नु पर्ने सामानको लगतको जानकारी दरखास्तवालालाई दिनेछ । लगत अनुसारको रकम बुझाएपछि मात्र कम्पनीले धारा जडान गर्नेछ ।

(५) सर्भिस पाईप लगिने स्थानको दुरी निर्धारण कम्पनीले गर्नेछ र दरखास्तवालाको समुचित आवश्यकतालाई पुरा गर्ने प्रयास गर्नेछ ।

(६) दरखास्तवालाबाट लिइं जडान गर्नुपर्ने पाइप, भल्भ फिटिङ्का अन्य सामानहरु कमसेकम मिडियम क्लासको हुनु पर्नेछ । उक्त पाईप भल्भ र फिटिङ्का सामानहरुको मर्मत गराउने जिम्मेवारी दरखास्तवाला माथि हुनेछ । पाईप, भल्भ फिटिङ्का सामानहरु आवश्यक जाँच गर्ने र कम्पनीको प्रचलित नियम विरुद्ध कुनै हानी नोक्सानी वा टुटफुट भएको देखिएमा सो को लागि हर्जाना असुल गर्ने अधिकार कम्पनीको हुनेछ । दरखास्तवालाले कम्पनीको पूर्व स्वीकृत बिना पाईप, भल्भ र फिटिङ्हरुमा कुनै किसिमको परिवर्तन गर्न पाउने छैन ।

(७) नियम ६ बमोजिमको मर्मतको काम कम्पनीले सूचना प्रकाशित गरेको ३ (तीन) महिना भित्र दरखास्तवालाले नगराएमा कम्पनीले नै सो काम गरी दिनेछ । त्यसमा लागेको खर्च र त्यस वापत कम्पनीले प्रचलित नियम र सम्बन्धित ऐन अनुसार कुनै शुल्क लाग्ने भए धारावालाबाट असुल गर्नेछ ।

(८) मिटर जडान गरिने भए सकभर दरखास्तवाला कै जमिनमा गरिनेछ । जानी जानी वा नजानी आकस्मिक घटना जे सुकैले मिटर बिगारेमा त्यसमा लाग्ने खर्च धारावालाबाट व्यहोर्नु पर्नेछ ।

(९) मिटरको सुरक्षाको लागि कम्पनीको डिजाइन अनुसार ग्राहक स्वयंले आफ्नै खर्चमा अनिवार्य रुपमा मिटर चेम्बर बनाउनु पर्नेछ ।

(१०) मिटर बिगार्न सफल वा असफल प्रयास गरिएको प्रमाण कम्पनीले फेला पारेमा कम्पनीले तुरुन्त धारा काट्ने छ र कम्पनीले प्रचलित नियम तथा सम्बन्धित ऐनमा व्यवस्था भए बमोजिम लाग्ने दस्तुर, धारावालाबाट असुल उपर गर्नेछ ।

(११) धारा जडान गरिएको जग्गाको स्वामित्व परिवर्तन भए सो को सूचना दरखास्तवालाले तुरुन्त कम्पनीलाई दिनु पर्नेछ ।

द्रष्टव्य:

१. यो नामसारी दर्खास्त साथै महशुल भुक्तानी गरेको वार्षिक कार्ड र बिल पेश नभएको दर्खास्त उपर कार्वाही गरिने छैन

२. यसमा नामसारी भैसकेपछि पुनः हक दावीको रिपोर्ट पेश हुन आएमा सो निर्णय नभएसम्म नामसारी रद्द गरिने छ ।

३. नामसारी हुनु अगावै बाँकी महशुल चुक्ता हुनुपर्ने छ ।

४. मञ्जुरीनामा दिनेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न हुनुपर्ने छ ।

५. दर्खास्त दिने व्यक्तिले धारा रहेको जग्गाको लालपूर्जा र मालपोत कार्यालयको लिखित समेत दर्खास्त साथ पेश गर्नुपर्ने छ ।

६. साबिक धारावाला मृत्यु भएकोमा नामसारीको लागि नाता प्रमाणित र मृत्यु दर्ता प्रमाणपत्रको (अंशबण्डा वा सगोलको परिवारमा नामसारी गरिनेमा मात्र) वडाको सिफारिस अनिवार्य छ ।

## कार्यालय प्रयोजनको लागि

**श्री महशुल शाखा**

**उल्लेखित ग्राहकको महशुल बाँकी खुलाई पेश गर्नुहुन अनुरोध गर्दछु ।**

**ईन्चार्ज**
**(नामसारी फाँट)**

**श्री नामसारी फाँट**

**निजको २०..................साल .................................महिनासम्मको महशुल रकम असुल छ ।**

**महशुल ईन्चार्ज**

द्रष्टव्य:

१. यो नामसारी दर्खास्त साथै महशुल भुक्तानी गरेको वार्षिक कार्ड र बिल पेश नभएको दर्खास्त उपर कार्वाही गरिने छैन
२. यसमा नामसारी भैसकेपछि पुन: हक दावीको रिपोर्ट पेश हुन आएमा सो निर्णय नभएसम्म नामसारी रद्द गरिने छ ।
३. नामसारी हुनु अगावै बाँकी महशुल चुक्ता हुनुपर्ने छ ।
४. मञ्जुरीनामा दिनेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न हुनुपर्ने छ ।
५. दर्खास्त दिने व्यक्तिले धारा रहेको जग्गाको लालपूर्जा र मालपोत कार्यालयको लिखित समेत दर्खास्त साथ पेश गर्नुपर्ने छ ।
६. साविक धारावाला मृत्यु भएकोमा नामसारीको लागि नाता प्रमाणित र मृत्यु दर्ता प्रमाणपत्रको (अंशवण्डा वा सगोलको परिवारमा नामसारी गरिनेमा मात्र) वडाको सिफारिस अनिवार्य छ ।

<u>कार्यालय प्रयोजनको लागि</u>

**श्री महशुल शाखा**

**उल्लेखित ग्राहकको महशुल बाँकी खुलाई पेश गर्नुहुन अनुरोध गर्दछु ।**

ईन्चार्ज
(नामसारी फाँट)

**श्री नामसारी फाँट**

**निजको २०.................साल ...............................महिनासम्मको महशुल रकम असुल छ ।**

महशुल ईन्चार्ज